स्थानीय सरकार

दुधौली नगरपालिका

# दुधौली नगर अस्पताल, सिथौंली

दुधौली न. पा. ५, सिन्धुली

बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०८२।१२।०२

दुधौली नगर अस्पताल सिथौंलीका लागि **दुधौली नगरपालिकाको स्थानीय राजपत्र भाग २ को दुधौली नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०** बमोजिम तोकिएका स्वीकृत दरबन्दिमा **दुधौली नगर अस्पतालको जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१** बमोजिम सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुलाई तपशिल बमोजिम दरखास्त आह्वान गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स. | विज्ञापन नं | पद | तह /श्रेणी | माग पद संख्या | तलब स्केल | कै. |
|---|---|---|---|---|---|---|
| १ | ०५/२०८२/०८३ | विशेषज्ञ चिकित्सक( एम.डि.जि.पि.) | अधिकृत नवौं | १ (एक) | नेपाल सरकारको नियम तथा प्रचलित कानून अनुसार | |
| २ | ०६/२०८२/०८३ | एम.बि.बि.एस.(MBBS) | अधिकृत आठौ | ३ (तिन) | नेपाल सरकारको नियम तथा प्रचलित कानून अनुसार | |
| ३ | ०७/२०८२/०८३ | डेन्टल बि.डि.एस.(BDS) | अधिकृत आठौ | १ (एक) | नेपाल सरकारको नियम तथा प्रचलित कानून अनुसार | |

**सम्पर्क मिति: २०८२/१२/१६ गते कार्यालय समयभित्र**

**परिक्षाको किसिम:** लिखित तथा अन्तर्वार्ता

**दरखास्त दस्तुर:** अधिकृत स्तरको लागि रु.१०००/- दुधौली नगर अस्पताल, सिथौंलीको नाममा नेपाल बैंक लिमिटेड, दुधौली शाखामा रहेको चल्ती खाता नं. २५२००१०६७२६२६६०००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**उमेदवारको उमेरको हद :** अधिकृत स्तरको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकता,
२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरू,
३. सम्बन्धित विषयको सम्बन्धित परिषदमा दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. अनुभव सम्बन्धी कागजातहरु,
५. आफूले काम गरेका स्वास्थ्य संस्था तथा प्रतिष्ठानबाट प्राप्त गरेका नो अब्जेक्सन लेटर,

**दरखास्त तथा बैंक भौचर बुझाउने स्थान:** दुधौली नगर अस्पताल सिथौंली

**दरखास्त दिने अन्तिम मिति:** २०८२/१२/१६ गतेको कार्यालय समय भित्र, सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:** सेवा समुह सम्बन्धी तथा अस्पतालको नियमानुसार।

**तलब सुविधा:** नेपाल सरकारको नियम तथा प्रचलित कानून अनुसार अन्य सुविधाहरु आपसि समझदारीमा तय गरिने छ ।

**पाठ्यक्रम:** लोक सेवा आयोगले सम्बन्धित पदको लागि तयार गरेको पाठ्यक्रम बमोजिम ।

**द्रस्टव्य:**

१. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको ।
२. अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
३. विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षता निर्धारण भएको प्रमाणित प्रतिलिपि ।
४. विस्तृत जानकारी दुधौली नगर अस्पताल, प्रशासन शाखा वा सम्पर्क नं. ९७६६४७४६३५ मा राख्नु होला ।

**नोट:** तोकिएको योग्यता नपुगेको उमेद्धवारहरुको दरखास्त फाराम स्वीकृत हुने छैन । दरखास्त रद्ध भएमा रकम फिर्ता हुने छैन । परीक्षाको मिति, समय र स्थान पछि तोकिने छ । दरखास्त फारम अस्पतालको वेवसाइट https://hospital.dudhaulimun.gov.np बाट डाउनलोड गर्न तथा आवश्यक कागजात अस्पतालको इमेलमा पनि पठाउन सकिनेछ ।

गोविन्द प्रसाद निरौला
प्रशासन शाखा प्रमुख

९७४१८८९१५०, ९७४१८८९१५१
dudhaulimunicipalhospital@gmail.com